।।श्री।।

# संखुवासभा जिल्ला अदालत

## चैनपुर

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र संख्या र मिति समेत उल्लेख गर्नुहोला ।

फोन नं. ०२९-५७०१९५,५७०१९६
०२९-५७०३७६
Email: info.dcsankhuwasabha@supremecourt.gov.np
admin.dcsankhuwasabha@supremecourt.gov.np
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२

मिति २०८१/१०/१४
ने.सं. ११४५ पोहेलागा १३, सोमबार

**सूचना !** **सूचना !!** **सूचना !!!**

### विषयः लेखापढी प्रमाणपत्रको लागि दरखास्त दिने सम्बन्धमा।

कानून व्यवसायी परिषद ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ बमोजिम अड्डा अदालतमा लेखापढी गर्न उक्त नियमावलीको नियम ३ बमोजिम योग्यता पुगी १८ वर्ष नाघेका ईच्छुक नेपाली नागरिकहरूले देहायको शर्तको अधिनमा रही सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको बेहोरा सबैमा जानकारीको लागि अनुरोध छ।

✓ उक्त दरखास्तमध्ये उपयुक्त उम्मेदवार छनौट गर्न समावेश भएको लिखित परीक्षा तथा अन्तरवार्ता उत्तिर्ण गर्ने उम्मेदवारहरूलाई अदालतबाट निर्धारित प्रमाणपत्र प्रदान गरिनेछ।

१. आवश्यक न्युनतम योग्यताः-
   क) शैक्षिक योग्यताः SEE/ SLC वा सो सरह उत्तिर्ण भएको।
   ख) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक भएको।
२. दरखास्त बुझाउनु पर्ने मितिः २०८१/१०/१५ देखि २०८१/११/१४ सम्म
३. दरखास्त शुल्क रु.११०।-
४. परीक्षाको किसिमः लिखित तथा मौखिक।
५. परीक्षा हुने मितिः दरखास्त दिने अन्तिम दिन तोकिनेछ।
६. सम्पर्क स्थानः संखुवासभा जिल्ला अदालत प्रशासन शाखा।
७. दरखास्तसाथ पेस गर्नुपर्ने कागजातः-
   क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
   ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
   ग) चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
   घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति।
   ङ) दरखास्तको ढाँचा लेखापढी व्यवसायी नियमावलीको अनुसूची १ बमोजिम हुनेछ। सो दरखास्त संखुवासभा जिल्ला अदालत बार ईकाइमा पाइनेछ।
   च) पाठ्यक्रम र अन्य जानकारीको लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क गर्नुहुन।

.....................
(भरतमणि पोखरेल)
स्रेस्तेदार (उपसचिव)